**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २३ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित एक समारोहमा राष्ट्रिय विज्ञान पुरस्कार २०२५ प्रदान गर्नुभयो।

- भारतको निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सुचीको विशेष गहन संशोधन (SIR) अन्तर्गत दावी र आपत्तिहरूको सुनुवाइको लागि एक उच्च लक्ष्य निर्धारण गरेको छ।

- भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित मालवीयलले आज देशका १२ राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरूमध्ये पश्चिम बंगालकी मुख्यमन्त्रीले मात्र एसआईआर- को निरन्तर विरोध गरिरहेको बताउनु भएको छ।

- बंगलादेशमा हिन्दू युवा दिपु चन्द्र दासको हत्याको विरोधमा आज कोलकतामा बांगिया हिन्दू जागरणले विशाल विरोध जुलुस आयोजना गर्यो।

- गोपालधारा अर्किड सोसाइटीको आयोजना अनि राष्ट्रिय अर्किड अनुसन्धान केन्द्र पाक्योङ सिक्किमको आयोजमामा आज मिरिक रङ्गशाला भवनमा किसान दिवस पालन गरियो।

**राष्ट्रपति- विज्ञान पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित एक समारोहमा राष्ट्रिय विज्ञान पुरस्कार २०२५ प्रदान गर्नुभयो। विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रमा उत्कृष्ट योगदान पुर्‍याएकोमा यी राष्ट्रको सर्वोच्च सम्मान हुन्। पुरस्कारहरू चार श्रेणीमा प्रदान गरिएको थियो: विज्ञान रत्न, विज्ञान श्री, विज्ञान युवा-शान्ति स्वरूप भटनागर, र विज्ञान टोली। पद्मविभूषण प्रोफेसर जयन्त विष्णु नारलीकरलाई मरणोपरान्त विज्ञान रत्न पुरस्कार प्रदान गरिएको थियो। आठ वैज्ञानिकहरूलाई विज्ञान श्री पुरस्कार र १४ युवा वैज्ञानिकहरूलाई विज्ञान युवा श्रेणी अन्तर्गत सम्मान गरिएको थियो, जबकि विज्ञानमा टोली पुरस्कार अरोमा मिसन सीएसआईआरलाई दिइएको थियो। विज्ञान र प्रविधि र प्रविधिमा आधारित नवप्रवर्तनको व्यापक क्षेत्रमा व्यक्तिगत रूपमा वा टोलीमा काम गर्ने वैज्ञानिकहरू, प्राविधिकहरू र नवप्रवर्तकहरूले उत्कृष्ट र प्रेरणादायी योगदानलाई मान्यता दिन राष्ट्रिय विज्ञान पुरस्कारहरू स्थापना गरिएको हो।

**एसआईआर**

भारतको निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सुचीको विशेष गहन संशोधन (SIR) अन्तर्गत दावी र आपत्तिहरूको सुनुवाइको लागि एक उच्च लक्ष्य निर्धारण गरेको छ। डिसेम्बर २७ देखि, प्रत्येक निर्वाचन दर्ता अधिकारीले दैनिक १५० मुद्दाहरूको सुनुवाइ गर्नुपर्नेछ। यो लक्ष्य तोकिएको समयसीमा भित्र सम्पूर्ण प्रक्रिया पूरा भएको र अन्तिम मतदाता सूची जारी गर्न सकिने सुनिश्चित गर्न राखिएको छ। मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोतहरूका अनुसार, विशेष गहन संशोधनको दोस्रो र तेस्रो चरणको तालिकालाई ध्यानमा राखेर यो दैनिक लक्ष्य निर्धारण गरिएको छ। आयोगले सुनुवाइ प्रक्रिया समयमै पूरा गर्ने र १४ फरवरी २०२६ सम्ममा अन्तिम मतदाता सूची प्रकाशित गर्न ढिलाइ नहुने कुरा सुनिश्चित गर्ने लक्ष्य राखेको छ। स्रोतहरू

अनुसार, सुरुमा प्रति दिन १०० मुद्दाहरूको सुनुवाइको लागि विचार गरिएको थियो। यद्यपि, अन्तिम सूची जारी गर्नु अघि सुनुवाइ पछि लिइएका निर्णयहरूको समीक्षा गर्न र सबै मुद्दाहरूको उचित छानबिनको लागि पर्याप्त समय सुनिश्चित गर्न यो लक्ष्य पछि बढाएर १५० गरिएको थियो। प्रत्येक सुनुवाइ टेबलमा एक निर्वाचन पञ्जीकरण अधिकारी, एक सहायक निर्वाचन पञ्जीकरण अधिकारी र एक सूक्ष्म पर्यवेक्षक तैनाथ गरिनेछ। यी सूक्ष्म पर्यवेक्षकहरू भारतको निर्वाचन आयोगद्वारा नियुक्त गरिएका छन् र सम्पूर्ण सुनुवाइ प्रक्रियाको निरीक्षण गर्नेछन्। यी सूक्ष्म पर्यवेक्षकहरू केन्द्र सरकारका कर्मचारीहरू, केन्द्रीय सार्वजनिक क्षेत्र उपक्रम वा सार्वजनिक क्षेत्र बैंकहरूका समूह बी अधिकारीहरू हुनेछन्, जुन हाल पश्चिम बंगालमा तैनाथ छन्। सुनुवाइको लागि सूचना पठाउने प्रक्रिया हिजदेखि सुरु भयो। बुथ-स्तरीय अधिकारीहरूले सम्बन्धित मतदाताहरूको घरमा गएर दुई प्रतिलिपिहरू हस्तान्तरण गर्नेछन्। मतदाताले एउटा प्रतिलिपि राख्नेछ, जबकि दोस्रो प्रतिलिपिमा हस्ताक्षर गरिनेछ र बुथ-स्तरीय अधिकारीलाई फिर्ता गरिनेछ।

**भाजपा- ममता**

भारतीय जनता पार्टीका वरिष्ठ नेता अमित मालवीयलले आज देशका १२ राज्य र केन्द्र शासित प्रदेशका मुख्यमन्त्रीहरूमध्ये पश्चिम बंगालकी मुख्यमन्त्रीले मात्र एसआईआर- को निरन्तर विरोध गरिरहेको बताउनु भएको छ । उहाले शोसल मिडियामा एक पोष्ट गर्नु हुँदै राज्य सरकारी संयन्त्रलाई प्रक्रियामा बाधा पुऱ्याउन खुला रूपमा प्रयोग भइरहेको र अधिकारीहरू मार्फत दबाब र धम्की दिइरहेको आरोप लगाउनु भएको छ। श्री मालवीयको दाबी छ कि यो सबै प्रयास मतदाता सूचीमा उपस्थित अवैध र नक्कली मतदाताहरूलाई जोगाउन गरिएको छ। श्री मालवीयका अनुसार, विशेष गहन संशोधनको पहिलो चरणले पहिले नै मुख्यमन्त्रीको अपेक्षा भन्दा धेरै प्रभावशाली नतिजाहरू ल्याइसकेको छ। उहाँले दोस्रो चरणले यस तथाकथित प्रणालीको बाँकी संरचनाहरूलाई पूर्ण रूपमा ध्वस्त पार्न सक्छ, जसमा तृणमूल कांग्रेसको राजनीतिक शक्ति निर्भर छ। भाजपा नेताले मुख्यमन्त्रीले दाबी गरेको जनादेश गम्भीर रूपमा कलंकित र सम्झौता गरिएको आरोप पनि लगाउनु भयो।

**कलकता विरोध प्रदर्शन**

बंगलादेशमा हिन्दू युवा दिपु चन्द्र दासको हत्याको विरोधमा आज कोलकतामा बांगिया हिन्दू जागरणले विशाल विरोध जुलुस आयोजना गर्यो। सियालदहबाट सुरु भएको र बेकबागनस्थित बंगलादेश उपउच्चायोगलाई घेर्ने उद्देश्यले गरिएको मार्च नियन्त्रण बाहिर गएपछि, पुलिसले प्रदर्शनकारीहरूलाई तितरबितर पार्न लाठीचार्ज गर्नु पऱ्यो। आज बिहान ११ बजे सुरु भएको विरोध जुलुस दिउँसो २ बजेतिर बेकबागनस्थित बंगलादेश उपउच्चायोगमा पुगेको थियो। यसक्रममा प्रदर्शनकारीहरू आक्रोशित भएर पुलिसको एउटा ब्यारिकेड तोडेर तोडिएपछि केही प्रदर्शनकारीहरू आयोगको कार्यालय नजिक पुगेको र स्थिति झनै बिग्रिएको जानकारी प्राप्त भएको छ। स्थिति नियन्त्रण गर्न पुलिसले लाठीचार्ज गरेपछि क्षेत्र तनावग्रस्त भएको वताईएको छ। प्रदर्शनकारीहरूले आरोप लगाएका छन् कि धेरै व्यक्तिको टाउकोमा चोट लागेको छ र धेरै जना पुलिसको लाठीबाट घाइते भएका छन्। पुलिसले केही प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लिएको छ। यसैबीच, पुलिसले हिन्दू जागरण सभालाई अवैध घोषित गर्दै प्रदर्शनकारीहरूलाई शान्तिपूर्ण रूपमा क्षेत्र खाली गर्न अपील गऱ्यो। स्थिति नियन्त्रण गर्न घटनास्थलमा ठूलो संख्यामा पुलिस र ऱ्यापिड एक्सन फोर्सका कर्मचारीहरू तैनाथ गरिएको थियो। पुलिस प्रशासनले सम्पूर्ण क्षेत्रको स्थितिलाई नजिकबाट निगरानी गरिरहेको छ।

**रूदेन सादा लेप्चा**

कालेबुङका विधायक रूदेन सादा लेप्चाले हाल विभन्न ठाउँमा प्रधानमन्त्री ग्राम सडक योजनाको नेशनल क्वालिटी मोनिटर, एउटा जाँच गर्ने प्रक्रिया मात्र रहेको बताउनु भएको छ। यो एउटा सामान्य प्रक्रिया रहेको जसमा नेशनल क्वालिटी मोनिटर अनि स्टेट क्वालिटी मोनिटर टोली आएर निरीक्षण गरी पिटहरू खनेर गुणस्तरको जाँच,मटिरियलको गुणस्तरको जाँच गर्ने बताउनु भयो। तर यस एनक्युम जाँच प्रक्रिया अवधि भाजपाका कतिपय नेतृत्वगण तथा कार्यकर्ताहरू आएर दखल दिइरहेको जानकारीमा आएको जुन लिगल अथवा प्रक्रिया अनुरुप नरहेको भन्दै विधायक लेप्चाले आपत्ति जनाउनु भएको छ। उहाँले यदि त्यस्तो हो भने स्थानीय ग्रामका पञ्चायत प्रधान,सदस्य ,समिति सदस्य कसैलाई पनि खबर नगरीकन भाजपाका स्थानीय नेतृत्व तथा कार्यकर्ताहरू त्यस एनक्युम जाँच प्रक्रियामा सामेल हुनुको पछाडिको उदेश्य के हो भन्दै प्रश्न गर्नु भएको छ।

## खेल महोत्सव

दार्जिलिङ जिल्लाको सालबारी वनवासी कल्याण आश्रममा "दार्जिलिङ संसद खेल महोत्सव २०२५ - योगासन प्रतियोगिता" सम्पन्न भयो। यो महोत्सवमा हाम्रो प्राचीन सम्पदाको जीवन्त सहभागिता र उत्सव देखिएको दार्जीलिङका सांसद राजु विष्टले बताउनु भएको छ। उहाँले खेल महोत्सवमा २०० भन्दा बढी उत्साही युवाहरूले आफ्नो सहनशक्ति, अनुशासन र प्रतिभा प्रदर्शन गर्न भाग लिएको बताउनु भयो । श्री विष्टले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदीको दूरदर्शी नेतृत्वमा, योगले अभूतपूर्व विश्वव्यापी मान्यता प्राप्त गरेको छ, जुन २१ लाई अन्तर्राष्ट्रिय योग दिवसको रूपमा मनाइन्छ। उहाँले आज सालबारीमा, उल्लेखनीय सहनशीलता र भक्तिपूर्वक सूर्य नमस्कार गरिएको बताउनु भयो। सूर्य नमस्कार प्रतियोगिताको महिला वर्गमा लक्ष्मी मुण्डाले स्वर्ण, संगीता बर्मनले रजत अनि पूजा राईले काँस्य पदक जिते भने पुरूष वर्गमा अभिषेक लामाले स्वर्ण, विवेक लामाले रजत अनि पिन्टु किस्कुले काँस्य पदक आफ्नो नाम गरे।

## कालेबुङ-गुप्ती झरना

कालेबुङ खण्ड एकको निम्बोङ ग्राम पंचायत अन्तर्गत दलपचन्दको जंगलमा रहेको गुप्ती झरनालाई औपचारिक रूपमा पर्यटन केन्द्रको रूपमा उद्घाटन गरिएको छ, जसले यस क्षेत्रमा इको-टुरिजम र साहसिक पर्यटन प्रवर्द्धन गर्ने महत्वपूर्ण कदमको संकेत गर्दछ। उद्घाटन समारोहमा जीटीएका कार्यकारी सभासद सञ्चविर सुब्बा, काललेबुङ खण्ड एकका खण्ड विकास अधिकारी समिरुल इस्लाम, पंचायत समिति अध्यक्ष योगेन्द्र शर्मा, लगायत अन्यको उपस्थिति रहेको थियो। यस अवसरमा जीटीएका कार्यकारी सभासद् सञ्चाबीर सुब्बाले घना वन आवरणबीच लुकेको झरना पत्ता लगाउने र देखाउने कार्यकर्ताहरूको पहलको प्रशंसा गर्नु भयो। उहाँले यस्तो प्रयासहरूले प्राकृतिक सम्पदाको संरक्षण गर्दै दिगो पर्यटन विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो।

## मिरिक- किसान दिवस

गोपालधारा अर्किड सोसाइटीको आयोजना अनि राष्ट्रिय अर्किड अनुसन्धान केन्द्र पाक्योङ सिक्किमको आयोजनामा आज मिरिक रङ्गशाला भवनमा किसान दिवस पालन गरियो। मिरिक ,पोख्रेबुङ,सोनादा लगायत विभिन्न क्षेत्रका अर्किड उत्पादकहरूलाई सहभागी गरि पालन गरिएको कार्यक्रममा आइसीआर,एनआरसीका निर्देशक डाक्टर एसपी दास,वैज्ञानिकहरू चन्दन गाडा,कलाई वाहन ,सुमन नड्डा, दार्जिलिङ प्रभारी अजय भुषाल,अर्किड उत्पादकहरू अतेन सुब्बा,बरूण सुब्बा, भीम कुमार राई,भीमराज राई,धिरज राई,वाईबी राई,अर्जुन राई,आनन्द राई आदि उपस्थित थिए। फूल उत्पादक बिष्णु सुब्बाले संचालन गरेकद कार्यक्रममा अर्किड खेती साथै जी राम जी योजनाबारे व्यापक चर्चा गरियो भने फूल उत्पादकहरूलाई एग्रोनेट पनि वितरण गरियो। कार्यक्रममा आगमी मार्च महिनामा सिक्किमा हुने पुष्प प्रदर्शनी साथै अर्किड सम्बन्धि विभिन्न विषयमा चर्चा भएको आइसीआर,एनआरसीका निर्देशक डाक्टर एसपी दासले जानकारी दिनु भयो।

## पहाड़ एवं समतल वाहन

दार्जीलिङ जिल्लामा पहाड़ एवं समतल क्षेत्रका वाहन चालकहरूमाझ विवाद भइरहेकोबीच आजदेखि दार्जीलिङका वाहनहरूले सिलगढ़ीबाट पर्यटकहरूलाई लिएर जान नपाउने भएको छ। आज बिहानदेखि पर्यटकहरू सामान्य रूपमा सिलगढ़ीका वाहनहरूबाटै दार्जीलिङतर्फ प्रस्थान भइरहेका छन्। यद्यपि वाहन चालकहरू यस समस्याको चाँड़ै समाधान होस् भन्ने चाहन्छन्। दुवै पक्षले आपस्तमा बातचित गरेर यस विवादलाई सुल्झाउनु पर्ने सबैको माग रहेको छ। । उल्लेखनीय छ, पछिल्लो केही हप्तादेखि सिलगढ़ीबाट दार्जीलिङ जाने पर्यटक वाहनहरूलाई पहाड़मा साइड सीन गर्न देखि रोक लगाएको आरोप लाग्दै आइरहेको छ। यस मुद्दालाई लिएर धैरै पटक बातचित भइसकेको छ, तथापि कुनै स्थायी समाधान भएको छैन। त्यसपछि हिज समतलका वाहन चालकहरूले पनि अब दार्जीलिङको कुनै पनि वाहनले समतलबाट पर्यटकहरूलाई लिएर जान नपाउने र दार्जीलिङका वाहनहरूले पर्यटकहरूलाई यहीँ छोड़ेर रित्तो फर्किनुपर्ने घोषणा गरेको थियो।

योभन्दा अघि पहाड़मा वाहनहरूलाई रोकेको घटनालाई लिएर समतलका वाहन चालक तथा टुर अपरेटर संगठनहरूले जिल्लाधिकारी, पुलिस अधीक्षक सहित विभिन्न प्रशासनिक अधिकारीहरू समक्ष सिकायत गरेका थिए। पछि प्रशासनको

मध्यस्थतामा दुवै पक्षबीच बैठक पनि भयो। बैठकमा पहाड़का वाहन चालक संगठनहरूले पहाड़मा साइड सीनको लागि पर्यटकहरूले स्थानी वाहनहरूलाई नै भाड़ामा लिनुपर्ने माग गरेको थियो। जबकि सिलगढ़ीका वाहनहरूले पर्यटकहरूलाई पहाड़सम्म पुर्‍याउन मात्र पाउनेछन्। यसैको विरोधमा समतलका वाहन चालकहरूले यो जवाफी कदम उठाएका छन्।

**बंगलादेशी नागरिक पक्राउ**

बंगलादेशमा जारी अशान्तिबीचमा कामको खोजीमा अवैध रूपमा भारत प्रवेश गरेका दुई बंगलादेशी महिलालाई पुलिसले पक्राउ गरेको छ। पक्राउ परेका महिलामध्ये एक बंगलादेशको मयमनसिंह जिल्ला अर्की फरीदपुर जिल्लाकी बासिन्दा भएको बताइएको छ। यस घटनामा एक दलाल फरार रहेको बताइएको छ। पुलिस स्रोतका अनुसार, दुई महिला भारतीय दलालको सहयोगमा रातको अँध्यारोमा बेरुबारी सीमा हुँदै भारत प्रवेश गरेका थिए। आज बिहान सूचनाको आधारमा कोतवाली थानाको पुलिस पाक्री क्षेत्रबाट दुई बंगलादेशी महिलालाई पक्राउ गरी थानामा ल्याएको छ।

**सिलगढी- क्रिसमस र्‍याली**

सिलगढी नगर निगमको पहल र सिलगढी युनाइटेड क्रिश्चियन फोरमको सहयोगमा आज क्रिसमस र्‍याली आयोजना गरियो। र्‍याली कञ्चनजङ्घा स्टेडियमबाट सुरु भएर भेनस मोड, सेवक मोड हुँदै एयरभ्यू मोडमा समापन भएको थियो। सहभागीहरूले सामाजिक सन्देशहरू लेखिएका पोस्टरहरू बोकेका थिए र गीतहरू मार्फत उत्सव र सद्भावको सन्देश फैलाएका थिए। र्‍यालीको समापनपछि, एयरभ्यू मोडमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको थियो, जहाँ विभिन्न उमेर समूहका मानिसहरूले क्रिसमसको आनन्दको आनन्द लिएका थिए। यस अवसरमा मेयर गौतम देव, उपमेयर रञ्जन सरकार, नगर निगमका अधिकारीहरू र विभिन्न संस्थाका प्रतिनिधिहरू उपस्थित थिए।

**मिरिक युसीएमओ**

युनाइटेड ख्रिष्टियन माइनोरिटी वेलफेयर सोसाइटी, मिरिकका पदाधिकारीहरूले आज मिरिक क्षेत्रका विभिन्न सरकारी निकायका अधिकारीहरूसँग शिष्टाचार भेट गर्दै क्रिसमस पर्व २०२५ तथा नयाँ वर्ष २०२६ को शुभकामना आदान–प्रदान गरेका छन्।यस अवसरमा सोसाइटीका अध्यक्ष पास्टर केवल लामा, महासचिव पास्टर सागर कार्कीडोली लगायत अन्यको उपस्थिति रहेको थियो।

****** ० ******